मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

# कृषि बिकास कोष कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गर्ने बारे सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०७/२६ ने.स ११४५ कछलाथ्व दशमी

सूचना नं : १३-०८१/०८१ (कृषि विकास शाखा)

मेलम्ची नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि विकास कोष अन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा प्रस्तावनामा आधारित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन गरिने भएकाले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्मबाट तपशिल अनुसारको कागजात सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन (मितिः २०८१/०८/१६ गते) भित्र मेलम्ची नगरपालिका, कृषि विकास शाखा वा पशु सेवा शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## आवश्यक कागजातहरु

- अनुसूची २ अनुसारको परियोजना प्रस्ताव,
- करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी (संस्थाको हकमा),
- संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी (संस्थाको हकमा),
- नेपाली नागरिकताको प्रतिलिपी,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- भुमिकर तथा सम्पति कर तिरेको रसिदको प्रतिलिपी,
- अनुदानको रासायनिक मलको फोटो भएको पानाको प्रतिलिपी,
- कम्तिमा ५ बर्ष उक्त कार्यक्रम निरन्तर रुपमा सञ्चालन र ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र,

थप जानकारीका लागिः मेलम्ची नगरपालिकाको वेबसाईट **www.melamchimun.gov.np** मा हेर्नुहुन तथा मेलम्ची नगरपालिका कृषि विकास शाखामा, पशु सेवा शाखा वा एकिकृत सेवा केन्द्र, पिप्लेमा सम्पर्क राख्नुहुन वा ०११४०१०८९ सम्पर्क गर्न सक्नुहुनेछ। अनुसुची -२ मेलम्ची नगरपालिकाको वेबसाइट, मेलम्ची कृषि मोवाइल एप, https://www.melamchikrishi.gov.np/ बाट डाउनलोड गर्न वा कृषि विकास शाखा, पशु सेवा शाखा एकिकृत सेवा केन्द्र पिप्ले र वडा कार्यालयहरुबाट प्राप्त गर्न सक्नुहुनेछ।

..............................
(अशोक कुमार भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत



Contact: +977-011-401089, 011-401141, 011-401142 E-mail: info@melamchimun.gov.np Website: www.melamchimun.gov.np